**उच्च अदालत पाटन, हेटौंडा इजलास**
**संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री यमुना भट्टराई**
**माननीय न्यायाधीश श्री मेरिना श्रेष्ठ**

आदेश

दायरी नं.-०८०-WO-००३६
रजिष्ट्रेसन नं.-०८-०८०-००१६०
निर्णय नं.-१८१।इजलास नं.-१
मुद्दाः उत्प्रेषण परमादेश समेत।

| | |
|---|---|
| बुद्धिमान लामाको छोरा, बागमती प्रदेश जिल्ला चितवन विरेन्द्रनगर गा.वि.स. वडा नं.८ को हाल परिवर्तित राप्ती नगरपालिका वडा नं.९ बस्न ऐ. राप्ती नगरपालिकाका नगरउपप्रमुख देवेन्द्र लामा समेत------------------------------१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| राप्ती नगरपालिकाको कार्यालय, चितवन, बागमती प्रदेश, नेपाल----------------१<br>ऐ.का कार्यालयका नगरप्रमुख शमशेर लामा ज्यू--------------------------------१<br>बागमती प्रदेश, जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं.७ बस्ने सोही ७ नं. वडा कार्यालय, प्रमुख प्रशासकिय अधिकृत निलम कुमार न्यौपाने----------------१ | विपक्षी |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

**तथ्य खण्ड**

१. मिति २०७९।०५।२३ गते सम्पन्न भएको राप्ती नगरपालिकाको सातौ कार्यपालिकाको निर्णयबाट म श्याम सुन्दर उप्रेतीलाई राप्ती नगरपालिकाको प्रवक्ता र म गोमादेवी धेरेललाई महिला समन्वय समितिको संयोजक नियुक्ती गरेकोमा निवेदकहरुलाई नियुक्ती गरे बमोजिमको काम कारवाही गर्न रोक लगाएको हुँदा विपक्षीहरुको नाममा अन्तरिम आदेशसहित उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भनि ०८०-WO-००२२ को उत्प्रेषण परमादेशसमेतको रिट निवेदन निवेदक श्यामसुन्दर उप्रेती र गोमा देवी धेरेलले विपक्षी राप्ती नगरपालिका, ऐ.का नगरप्रमुख शमशेर लामा र सुमिता डल्लाकोटी उपर दायर गरेकोमा सो मुद्दामा मिति २०८०।६।५ गते अन्तरिम आदेश र मिति २०८०।६।१० गते अन्तरिम आदेशलाई निरन्तरता दिने आदेशसमेत

भएको देखिन्छ। विपक्षीहरुले आपसमा मिलेमतो गरी रातो किताब तथा ०८०-WO-००२२ को उत्प्रेषण परमादेशसमेतको रिट निवेदनमा विपक्षी नगरप्रमुख शमशेर लामाले लिखित जवाफसहित पेश गरेको कागज प्रमाणमा मिति २०८० असार ३० गतेको वास्तविक निर्णयलाई लोप गराई हामीलाई झुक्याई एउटा निर्णय कपी देखाई दर्ता किताबमा हामीलाई देखाएको भन्दा फरक पर्नेगरी निर्णय राखी रातो किताबमा प्रकाशन तथा लिखित जवाफसाथ पेश गरेको कार्यलाई चुनौती गर्दै अन्तरिम आदेशसहितको उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदक सिद्धिलाल स्याङ्तान समेतको संयुक्त निवेदनपत्र।

२. यसमा, के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण कागजात भए बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुलाई आफै वा कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र आदेशको प्रतिलिपीसमेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारीगरी म्यादभित्र लिखित जवाफ परेपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। निवेदनमा अन्तरिम आदेशसमेतको माग गरेको देखिंदा अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा दुवै पक्षहरुबीच छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त देखिएकोले सो प्रयोजनार्थ मिति २०८०।०८।१३ गतेको दिन पेशी तोकी सो मितिसम्मका लागि सुविधा र सन्तुलनको दृष्टिकोणले राप्ती नगरपालिकाको मिती २०८०।३।३० गतेको १३ औं नगरसभाको मूल निर्णय तथा मर्म विपरित प्रकाशित गरिएको रातो किताबको पृष्ठ २१ को निर्णय नं.२ तथा पृष्ठ २२ र २३ को विविधको सम्पूर्ण निर्णयहरु थप गरी रातो किताबमा प्रकशन गरे बमोजिम कार्य तथा ०८०-WO-००२२ उत्प्रेषण परमादेश मुद्दालाई प्रभाव पार्ने गरी विपक्षीहरुको आफू अनुकुल निर्णयगरी सो बमोजिमको कार्य नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ। साथै यस अदालतमा बिचाराधीन रहेको ०८०-WO-००२२ को उत्प्रेषण परमादेश मुद्दालाई साथै राखी प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी विपक्षीहरुलाई सोको जानकारी दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०८०।८।६ को आदेश।

३. विपक्षी निवेदकहरूले आफ्नो निवेदनको बेहोरामा रातो कितावमा प्रकाशसन भएको पृष्ठ-२१ को निर्णय २ बमोजिम पृष्ठ २५ देखि पृष्ठ १३९ सम्म र पृष्ठ २२ र २३ को विविध निर्णय नं.१,२,३,४ र ५ थप गरी मिति २०८०।०३।३० गतेको राप्ती नगरपालिकाको १३ औं सभाबाट वास्तविक निर्णय भन्दा बाहिर गई आफूखुशी निर्णय थपघट गरेको भन्ने हामी उपरको आरोपनै झुठा हो। वास्तविक निर्णय कुन हो।

निवेदकहरूले आफ्नो निवेदनसाथ प्रमाणको रूपमा पेश गर्न सक्नु भएको छैन। निवेदकहरूमध्ये राप्ती नगरपालिका वडा नं.२ को वडाअध्यक्ष श्यामसुन्दर उप्रेतीज्यूले राजनितिक आस्थाकै कारण राप्ती नगरपालिकाको काम कार्यलाई सुचारूरूपमा संचालन हुन नदिने, नगरप्रमुखको कार्यकाल अलोकप्रिय बनाउने उद्देश्यले आफूसँग बिचार मिल्ने राप्ती नगरपालिकाको जनप्रतिनिधिहरूलाई समेत उक्साई नगर कार्यपालिकाको १६,१७,१८ र १९ औ बैठकहरूमा समेत उपस्थित हुने तर बैठक सुचारू हुन नदिने हो, हल्ला गरेकै कारण स्थगित हुँदै गएको र १९ औं बैठकमा प्रस्तुत निवेदनको निवेदकसमेत रहनु भएको नगरउपप्रमुख माथि हात हालाहालको सृजनासमेत गर्नुभएको र नगरको हित विपरित हुने किसिमको सूचना तथा अभिव्यक्ति सम्प्रेषण गर्नुभएको हुनाले नगर प्रवक्ताको रूपमा निर्णय भएको भएतापनि उहाँको कार्यशैली संतोषजनक नभएको कारण निर्णय बमोजिमको नियुक्ती नगरपालिकाबाट दिएको समेत थिएन। त्यसैले उहाँलाई मिति २०८०।०३।१९ गते प्रेस विज्ञप्ती जारी गरी नगरको प्रवक्ताको जिम्मेवारीबाट हटाईएकोमा १३ औं नगरसभाबाट अनुमोदनसमेत भएको हो। सोही रिसईविको उपजको रूपमा हामीले गर्दै नगरेको कार्यहरूसमेत गरेको निर्णय थपघट भएको भनी बिना प्रमाण दिएको निवेदनको तथ्यमा प्रवेश गर्नुपर्ने स्थितिसमेत नभएको हुँदा प्रस्तुत रीट निवेदन खारेज गरिपाउँ भन्ने राप्ती नगरपालिकाको कार्यालय चितवनसमेतको संयुक्त लिखित जबाफ।

४. यसमा मिति २०८०।०३।३० मा बसेको राप्ती नगरपालिकाको १३ औं नगरसभाको बैठकमा यी निवेदकहरु समेतको उपस्थितिमा निज निवेदकहरुको हस्ताक्षरसमेत भएको देखिदा मिति २०८०।०८।०६ गते यस अदालतबाट जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिनुपरेन। नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०८०।८।१३ को आदेश।

## ठहर-खण्ड

५. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत निवेदन तथा लिखित जवाफसमेतका मिसिल कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री इश्वरराज ढकाल र श्री युवराज ओलीले यी विपक्षीहरुको मिलेमतोमा मिति २०८०।३।३० को १३ औ नगरसभामा भएको बास्तविक निर्णय भन्दा भिन्न वेहोरा पारि नगरसभाको रातो किताबमा प्रकाशन गर्ने कार्य यि विपक्षीबाट भई रहेको हुंदा उक्त मिति २०८०।३।३० को नगर सभाको निर्णयलाई प्रभाव पार्ने गरी कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

६. त्यसैगरी विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री अमृत कुमार लामाले यी निवेदकहरुसमेत १३ औ नगरसभामा उपस्थिति भई हस्ताक्षर गरी सभामा प्रस्तावित प्रस्तावहरु उपर छलफल गरी भएको निर्णय र सभाबाट अनुमोदित भएको निति तथा कार्यक्रम एवं बजेट प्रयोजनार्थ आर्थिक र विनियोजन ऐनलाई नै समावेश गरी जनमानसलाई सुचना प्रवाह गर्ने ध्ययले रातो किताबमा प्रकाशन गरेको कार्य कानून बमोजिम नै हुंदा निवेदकहरुको निवेदन मागदावी बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेशसमेत जारी हुनुपर्ने अवस्था नभएकोले निवेदकहरुको निवेदन प्रथमदृष्टिमा नै खारेजयोग्य रहेकोले खारेजगरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

७. यसमा यी विपक्षीहरुको मिलेमतोमा मिति २०८०।३।३० को १३ औ नगरसभामा भएको बास्तविक निर्णय भन्दा भिन्न वेहोरा पारि नगरसभाको रातो किताबमा प्रकाशन गर्ने कार्य यि विपक्षीबाट भई रहेको हुँदा उक्त मिति २०८०।३।३० को नगर सभाको निर्णयलाई प्रभाव गर्ने गरी कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेशसहितको उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर एवं यी निवेदकहरुसमेत १३ औ नगरसभामा उपस्थिति भई हस्ताक्षर गरी भएको, गरेको निर्णयहरु नै नगरपालिकाको कार्यालयले रातो किताबमा हुबहु प्रकाशन गरेको अवस्थामा हामीले गर्दै नगरेको कार्यहरूसमेत गरेको, निर्णय थपघट भएको भनी बिना प्रमाण दिएको निवेदनको तथ्यमा प्रवेश गर्नुपर्ने स्थितिसमेत नभएको हुँदा खारेज गरिपाउँ भन्ने वेहोराको राप्ती नगरपालिकाको कार्यालय, चितवनसमेतको संयुक्त लिखित जबाफ रहेको देखियो।

८. उपरोक्तानुसारको निवेदन बेहोरा, लिखित जवाफ तथा वहस बुंदासमेतका मिसिलसंलग्न कागजातहरुको अध्ययन गरी निवेदकको निवेदन माग बमोजिम निषेधाज्ञाको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा, यी विपक्षीहरुको मिलेमतोमा मिति २०८०।३।३० को १३ औ नगरसभामा भएको बास्तविक निर्णय भन्दा थपघट गरी भिन्न वेहोराको नगरसभाको रातो किताबमा प्रकाशन गर्ने कार्य यि विपक्षीबाट भई रहेको हुंदा मिति २०८०।३।३० को नगर सभाको बास्तविक निर्णयलाई प्रभाव गर्ने गरी कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेशसहितको उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदकहरुको निवेदन जिकिर रहेकोमा मिसिल संलग्न राप्ति नगरपालिकाको १३ औ नगरसभाको माइन्युट हेर्दा यी निवेदकहरु समेत उक्त मिति २०८०।३।३० को नगर सभामा उपस्थित रहि उपस्थितिमा समेत हस्ताक्षर रहेको देखिन्छ भने निवेदकहरुले माइन्युटमा रहेको निवेदकहरुको हस्ताक्षर सम्बन्धमा अन्यथा हो भनी भन्न सकेको देखिएन। विवादित रातो किताबमा प्रकाशन भएका

निर्णयहरु, बजेट प्रयोजनार्थ अनुमोदित विनियोजन ऐनसमेत १३ औ सभाबाट भएको माइन्युटमा भएको वेहोरा भन्दा भिन्न रहेको प्रमाणको रुपमा मिसिल सामेल रहेको १३ औ सभाको माइन्युट, रातो किताब एवं विपक्षीहरुको लिखित जवाफ समेतबाट देखिंदैन।

१०. यसरी निवेदकहरुसमेत १३ औ नगरसभामा उपस्थिति भई हस्ताक्षर गरी सभामा प्रस्तावित प्रस्तावहरु उपर छलफल गरी भएको निर्णय र सभाबाट अनुमोदित भएको निति तथा कार्यक्रम एवं बजेट प्रयोजनार्थ आर्थिक र विनियोजन ऐनलाई नै समावेश गरी जनमानसलाई सुचना प्रवाह गर्ने ध्ययले रातो किताबमा प्रकाशन गरेको कार्य कानून सम्मत नै देखिएको र यसै मुद्दाको लगाउको रुपमा रहेको ०८०-WO-००२२ को रिट निवेदन आज यसै इजलासबाट खारेज हुने ठहऱ्याई फैसला भई सकेको हुंदा उक्त मुद्दामा विवेचित आधार, कारण र प्रमाण समेतका आधारमा प्रस्तुत निवेदनमा निवेदकहरुको माग बमोजिम रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। निवेदन माग बमोजिमको उत्प्रेषण परमादेश लगायतको उपर्युक्त आदेश जारी गराई पाउँ भन्ने विद्वान अधिवक्ताको बहस जिकिरसंग सहमत हुन सकिएन।

११. तसर्थ, माथि विवेचित आधारमा निवेदन माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेश विद्युतीय सन्जालमा अपलोड गर्नू र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनूहोला।

**यमुना भट्टराई**
**न्यायाधीश**

**उपर्युक्त रायमा मेरो सहमति छ।**

**मेरिना श्रेष्ठ**
**न्यायाधीश**

**<u>आदेश तयार पार्न सहयोग गर्ने:</u>**

शाखा अधिकृतः दिपककुमार श्रेष्ठ

कम्प्युटर अपरेटरः प्रदिप बस्नेत

इति सम्बत् २०८० साल मंसीर २५ गते रोज २ शुभम्---------------------------------।

प्रमाणिकरण मिति

अदालतको छाप

न्यायाधीश